संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोग
PERMANENT MISSION OF NEPAL
TO THE UNITED NATIONS
GENEVA

# प्रेस विज्ञप्ति

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले आज महामहिम राजदूत श्री मणिप्रसाद भट्टराईलाई टेलिफोन सम्पर्क गरी स्वीट्जरल्याण्ड, इटाली, सानमारिनो तथा लिचेस्टाइनमा कोरोना भाइरसको संक्रमणको स्थिति तथा यी मुलुकहरूमा रहेका नेपाली नागरिकहरूको अवस्थाबारे चासो र चिन्ता व्यक्त गर्दै जानकारी लिनुभयो ।

सम्माननीय राष्ट्रपतिज्यूले कोरोना संक्रमण रोकथाम तथा सुरक्षा सम्बन्धमा आफू बसेको मुलुकको सम्बन्धित निकायबाट जारी गरिएका निर्देशनहरु तथा चालिएका कदमहरु अनुसरण गर्न, आफू र आफ्नो परिवार सुरक्षित रहन र यस कठीन घडीमा धैर्यता एवं संयमता अपनाउन आग्रह गर्दै नेपाली संघ संस्था एवं समुदायको समन्वयमा अप्ठ्यारोमा परेका नेपाली नागरिकहरुलाई सम्भव भएसम्मको सहयोग गर्न निर्देशन दिनुभयो।

सम्माननीय राष्ट्रपतिज्यूलाई स्वीट्जरल्याण्ड, इटाली, सानमारिनो तथा लिचेस्टाइनमा रहेका नेपालीहरुको अवस्थाबारे महामहिम राजदूतले अवगत गराउनुका साथै कोरोना भाइरसको संक्रमणबाट नेपाली नागरिकहरूमा उत्पन्न कठिनाईका विषयमा सम्माननीय राष्ट्रपतिज्यूबाट व्यक्त चासो एवं चिन्ताप्रति आभार प्रकट गर्नुभयो ।

**नेपाली राजदूतावास / स्थायी नियोग**

जेनेभा, स्वीट्जरल्याण्ड

२०७६ चैत्र २३ गते आइतबार ।

**81, Rue de la Servette, CH-1202 Geneva, Switzerland**
Tel.: +41(0)22 733 2600/2621, Fax : +41(0)22 733 2722
E-mail: mission.nepal @bluewin.ch, pmngeneva@mofa.gov.np
website: www.gva.nepalmission.gov.np